# राष्ट्रिय मानव अधिकार आयोग

हरिहर भवन, पुल्चोक, ललितपुर

# विशेषज्ञ सेवाको लागि आवेदन गर्ने सम्बन्धी सूचना

*प्रकाशित मिति ( २०७६ वैशाख ११ गते)*

राष्ट्रिय मानव अधिकार आयोगले सामुदायिक विद्यालयका आधारभूत तथा माध्यमिक तह( कक्षा ८,९,१०) मा समावेश गरिएका मानव अधिकारका विषयवस्तुको अध्ययन गरी मानव अधिकार शिक्षाका गतिविधी संग सम्बन्धित सिकाई पद्धति, बालमैत्री सिकाईको अवस्था, मानव अधिकार शिक्षा प्रदान गर्दा प्रयोग गरिने शिक्षण सामाग्री तथा आधारभुत तथा माध्यमिक विद्यालयमा मानव अधिकार शिक्षालाई प्रभावकारी रुपमा लागु गराउनको लागि मानव अधिकार पाठ्यक्रम सिफारिस गर्ने र आयोगले सिफारिस गरेका विषयवस्तुहरुको श्रोत पुस्तिका समेत तयारी गर्ने उद्धेश्यले मानव अधिकार शिक्षाको विषयगत स्थिति पत्र (Position Paper) तथा मानव अधिकार शिक्षा श्रोत पुस्तिका तयार गर्न विशेषज्ञ सेवाको लागि आवेदन गर्न यो सूचना प्रकाशित गरिएको छ। अत: आवेदनहरु पेश गर्नको लागि सात (७) दिनको म्याद दिई आयोगको website मा सूचना प्रकाशित गर्ने निर्णय भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ।

विषयगत स्थितिपत्र (Position Paper) तयार गर्न इच्छुक र योग्य विशेषज्ञहरुले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र hari.gyawali@nhrcnepal.org र navaraj.sapkota@nhrcnepal.org मा वा आयोगको प्रशासन महाशाखामा तपसिलमा उल्लेख गरिएका सर्त तथा बन्देजहरुको अधिनमा रही आवेदन गर्न सूचित गरिन्छ . अन्य विस्तृत जानकारीको लागि आयोगको टेलिफोन नम्बर ५०१००१५ एक्सटेन्सन १२६ वा ९८५११८३४४१ (हरि प्रसाद ज्ञवाली) मा सम्पर्क गर्न सकिनेछ।

**शर्त तथा बन्देजहरु**

१. आवेदन गर्न इच्छुक व्यक्तिहरुले आफ्नो वैयक्तिक विवरण ( Bio-data) र आफुले विषयगत स्थिति पत्र (Position Paper) तयार गर्न चाहेको विषयवस्तु समेत उल्लेख गरी उल्लेखित इमेल ठेगानामा पठाउनु हुन वा प्रशासन महाशाखामा उपस्थित भइ आवेदन पेश गर्नु पर्नेछ .

२. विशेषज्ञहरुले आफुले तयार पार्ने विषयगत स्थिति पत्र (Position Paper) मा आधारभुत तथा माध्यमिक विद्यालयका सामाजिक शिक्षामा समेटिएका मानव अधिकारका विषयहरुको पर्याप्तता/ अपर्याप्तता अध्ययन गरी कक्षा ८,९,१० मा राखिनु पर्ने मानव अधिकारका विषय वस्तुहरुको सिफारिसहरु समावेश भएको हुनु पर्नेछ।

३. प्राप्त आवेदनहरुको आधारमा विशेषज्ञहरुको छनौट गर्ने अन्तिम निर्णय आयोगमा निहित रहनेछ।

४.आयोग र छनौट भएका विशेषज्ञहरुको बीच आयोगले निर्धारण गरेको बजेटको आधारमा पारिश्रमिक निर्धारण गरि सम्झौता गरिने छ र यस्तो पारिश्रमिकमा प्रचलित कानून बमोजिम लाग्ने कर कट्टी गरिनेछ।

**तपशिल**

**बिषयगत स्थिति पत्र (Position Paper) र श्रोत पुस्तिकाका विषयहरु**

१. कक्षा ८,९ र १० को हाल कायम रहेको सामाजिक विषयको पाठ्यक्रमको पुनरावलोकन गर्न।

२. मानव अधिकारका सिद्धान्त, व्यवहार र अधिकारमुखी पद्धत्तिका विषयहरुलाई कक्षा ८,९ र १० को औपचारिक पाठ्यक्रम र सिकाईको सन्दर्भमा सुझाव प्रदान गर्न।

३. विद्यार्थीको ज्ञान, सीप र धारणागत विकासका लागि सुझाव प्रदान गर्न।

४ सचेतना अभिवृद्धीका व्यवस्था ,सिद्धान्त र अधिकारमुखी पद्धत्तिका विषयहरुलाई पाठ्यक्रममा समावेश गर्न।

५. बालबालिका र वयस्कहरुमा मानव अधिकारका सिद्धान्त, व्यवहार र बाल अधिकारका विषयहरुको दैनिक जीवन र व्यवसायिक जीवनमा प्रभावकारी ढङ्गबाट वकालत गर्न सक्ने क्षमताको विकास गर्न।

६. मानव अधिकार शिक्षा सामाग्री, विद्यार्थी केन्द्रीत शिक्षण पद्धति र सामाग्रीको पहिचान गर्न।

७. मुल्याङ्कनका विधिहरुको पहिचान गर्ने।

८. एकीकृत शिक्षक स्रोत पुस्तिकाको विकास गर्न।